# *मैले सरिताको हत्या गरें* कथामा मनोविज्ञान

दिनेशकुमार तिम्सिना
सहायक प्राध्यापक
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा
email: timsinadinesh33@gmail.com

## लेखसार

यस अध्ययनमा मानव मनभित्र उत्पन्न मानसिक अवस्थाको चित्रण भएको छ । बाल्य अवस्थामा मातृविहीन हुन पुगेको व्यक्ति कसरी अपराध मानसिकतासम्म पुग्दो रहेछ भन्ने विषयलाई कथाले दर्शाएको छ । बाल्यकालका उचित स्याहार सम्हार नपाएपछि मानिसले प्रेम प्राप्तिका लागि हत्या जस्तो जघन्य अपराध पनि गर्दो रहेछ भन्ने बिषयलाई कथाले प्रस्तुत गरेको छ । प्रस्तुत लेखमा आधुनिक नेपाली मनोवैज्ञानिक कथाकार गोबिन्दबहादुर मल्ल गोठालेको मैले सरिताको हत्या गरें कथाको मनोवैज्ञानिक विश्लेषण गरिएको छ । गोठालेका कथा आधुनिक नेपाली कथा परम्परामा विश्वेश्वरप्रसाद कोइरालाबाट सुरु भएको मनोवैज्ञानिक यथार्थबादमा पर्दछन् । यो गुणात्मक अनुसन्धान विधि अन्तर्गतको अनुसन्धान भएकोले पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी वर्णनात्मक एवम् विश्लेषणात्मक विधिका आधारमा विवेच्य कथामा म पात्रले परिवारबाट आवश्यक माया र ममता नपाउँदा कसरी मानव हत्या जस्तो जघन्य अपराधसम्म गर्न पुग्दोरहेछ भनेर विवेच्य कथामा अपराध मनोविज्ञान भएको निष्कर्ष निकाल्लिएको छ ।

***शब्दकुन्जी*** : कोठी, गुप्ती, मातृविहीन, असामान्य, मनोविकृत, आरोप, गरगहना, डकैती, जीवित, हत्या, झ्यालखाना ।

## विषय–परिचय

नेपाली कथा परम्परामा वि.सं. १९९२ सालको 'शारदा' पत्रिकामा गुरूप्रसाद मैनालीको 'नासो' कथा प्रकाशन भएपछि कथा साहित्यले आधुनिकता प्राप्त गरेको हो । गुरूप्रसाद मैनालीको आदर्शोन्मुख यथार्थवादी धाराबाट सुरु भएको नेपाली कथा परम्परालाई कोइरालाले थप उचाइमा लगेका हुन् । त्यसको लगतैपछि १९९२ सालकै शारदा पत्रिकामा विश्वेश्वरप्रसाद कोइरालाले चन्द्रवदन कथा प्रकाशित गराएर कथा साहित्यमा मनोवैज्ञानिक यथार्थवादको थालनी भएको हो । "यो मानिसको भित्री मनको विश्लेषण गरिएको नेपाली साहित्यमै पहिलो मनोवैज्ञानिक कथा हो" (पौडयाल, २०६१, पृ. ३१) ।

गोविन्दबहादुर मल्ल 'गोठाले' ले वि.सं १९९७ मा 'त्यसको भाले' शीर्षकको कथा प्रकाशित गराएर आधुनिक नेपाली कथा परम्परामा देखापरेका हुन् । विश्वेश्वरप्रसाद कोइरालाबाट सुरु भएको मनोवैज्ञानिक यथार्थवादमा गोठालेका कथा देखापरेका छन् । यिनका कथा सङ्ग्रह (२००४), कथैकथा (२०१६), प्रेम र मृत्यु (२०३९) गरी तीनवटा कथा सङ्ग्रह प्रकाशित छन् । मानव मनको भित्री अन्तरकुन्तर केलाएर कथा सृजना गर्न यिनी निपुण मानिन्छन् । कथा साहित्यको रसिलो विधा हो । यसले मानिसका दुःख, रोदन,

करुणा, खुसी, हाँसो, मेलापात,हाट बजार सबै ठाउँमा आनन्द प्रदान गर्दछ । आकारगत रूपमा यो छोटो भएर पनि अन्य विधाका तुलनामा बढी लोकप्रियता कमाउनु यसको विशेषता हो । नेपाली साहित्यको इतिहासमा मनोवैज्ञानिक फाँटका सफल कथाकारका रूपमा गोठालेलाई लिन सकिन्छ ।

आफ्ना परिवारका अग्रज माता, पिता र परिवारका अन्य सदस्य नै गोठालेको साहित्यिक प्रेरणाका स्रोतका रूपमा मानिन्छन् । बाल्यकालदेखि नै परिवारका सदस्यबाट साहित्यको चर्चा परिचर्चा भइरहेकोले उनमा पनि साहित्य रचनामा झुकाव बढेको र यसैको परिणाम स्वरूप उनले यो उचाइ प्राप्त गरेका हुन् ( बराल, २०३३, पृ. २५) ।

विवेच्य कथामा एउटै कलेजमा अध्ययन गरिरहेका 'म' पात्र र सरिता बिचको प्रेमलाई मांसल प्रेमभन्दा भिन्न प्रकारको आत्मिक प्रेम बनाउने इच्छा प्रस्तुत गरिएको छ । यहाँ म पात्रलाई अनौठो वा असामान्य प्रेमीका रूपमा प्रस्तुत गरिएको छ । म पात्र र सरिता दुवै एक अर्कालाई मनैदेखि मन पराउँछन् । जस्तै कलेजबाट सँगै घर फिर्ने तथा फोनमा घण्टौं गफ गर्ने आदि । म पात्रको स्वभाव सहरका कोठीमा धाउन थालेसँगै केही भिन्न हुन थालेको छ । कोठी प्रवेश गर्नु अघिसम्म ऊ कुनै केटीलाई ठाडो नजरलेसम्म हेर्न सक्दैनथ्यो तर उही व्यक्ति अहिले केटीहरूलाई हेला गर्न थालेको छ । एकदिन घरमा कोही नभएको मौका छोपी सरिताले म पात्रलाई आफ्नो घरमा बोलाउँछे । त्यसबाट उत्पन्न असामान्य मनोदशालाई यस कथाले मनोवैज्ञानिक कथाका रूपमा प्रस्तुत गरेको छ । यस अनुसन्धानमा व्यक्तिमा कसरी असामान्य अवस्थाको प्रवेश हुन्छ र जीवनको के हविगत हुन्छ भन्ने विषयलाई प्रस्तुत गरिएको छ ।

मनोवैज्ञानिक फाँटमा कथा लेख्ने कथाकार गोठालेको जीवनी, व्यक्तित्व, कृतित्व आदिका सम्बन्धमा सोपाधिक अनुसन्धानहरू भएका छन् । रूपरेखाः ११५(२०२७), गरिमाः १२/१२/२५२(२०६०), दोभानः ५/२(२०६१), प्रगतिः १०/१०(२०६१) आदि पत्रपत्रिका तथा गोविन्दबहादुर गोठालेको कथामा पाइने सामाजिकताको विश्लेषण र मूल्याङ्कन (२०३६) त्रि.बि शोधग्रन्थ अप्रकाशित कृति लेखन कार्य धेरै भएका छन् तापनि मैले सरिताको हत्या गरें कथाको मनोवैज्ञानिक अध्ययन भएको पाइएन । अतः यस अध्ययनका मानव मनोविज्ञानभित्र पर्ने अपराध मनोविज्ञानको रूपमा विवेच्य कथालाई पुष्टि गरिएको छ । यो गुणात्मक अनुसन्धान अन्तर्गतको अध्ययन भएकोले पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरी वर्णनात्मक अनुसन्धान विधिबाट व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## विवेच्य कथाको परिचय

यस कथाको केन्द्रीय 'म' पात्रले सरितालाई हत्या गरी जेल जीवन भोगिरहेको छ । आत्मसंस्मरणात्मक शैलीमा रचित यस कथामा म पात्रले आफ्नी प्रेमिकाको हत्या गरेको आत्मस्वीकारोक्ति प्रस्तुत गरेको छ । सामान्यतयाः अपराध गरेपछि अपराध लुकाउन चाहनु वा खोज्नु प्रत्येक अपराधीको नैतिक धर्म जस्तै हुने गरेको ठाउँमा यहाँ म पात्र भने हत्या गरेको कुरालाई स्वीकार गर्दछ । म पात्र सरितालाई हृदयदेखि नै माया गर्दछ । सरिता पनि म पात्र भनेपछि हुरुक्कै हुन्छे । साथी सङ्गतमा लागेर सहरका गोप्य कोठीहरूमा नपुग्दासम्म सरिताको अनुहार हेर्न समेत डराउने ऊ त्यसपछि भने सरितालाई ठाडो नजरले हेर्न सक्ने हुन्छ । उसले एकसय एक केटीलाई यौन सम्पर्क गर्छ । उसका निम्ति ती

अनुभवहरू यान्त्रिक हुन्छन् । ऊ यतिसम्म चालु बन्न थाल्यो, कयौँ केटीहरू अब ऊसँग यौन सम्पर्क गर्न भनेपछि हच्कने गर्दछन् । एकदिन सरिताको विवाह अरू नै केटासँग गरिदिने सरिताको बाबुआमाको निर्णयपछि सरिता एक्लै भएकी बेला म पात्रलाई निम्तो दिन्छे । आत्मिक रूपमा म पात्रकै भइसकेकी सरिता विवाहअघि आफ्नो कौमारित्व म पात्रलाई सुम्पेर शारीरिक रूपले म पात्रको भोक मेटाई म पात्रबाट टाढा हुन चाहन्छे । ऊ नग्न शरीर लिएर बिस्तारामा पल्टिन्छे । एक मनले त म पात्र पनि तत्कालै सरिताको सुकोमल, नग्न शरीरलाई समाऊँ, झम्टौं, खेलौं र सिकारी कुकुरले झै लुछौं भन्ने मन बनाउँछ तर मन स्थिर भएपछि म पात्र फेरि कल्पना गर्छ । प्रेम शरीर या आत्मा केका लागि गरिन्छ, सरितालाई मरेपछि पाउने आशाले, सरिता नग्न रूपमा विस्तारामा पल्टेको अवस्थामा नै उसको हत्या गरिदिन्छ । सरिताको हत्या पश्चात् आफू पनि मर्ने अनेकौ उपाय खोज्दाखोज्दै ऊ समातिन्छ र प्रहरी हिरासतमा पुग्दछ । सरिताका आमाबाबुहरू र आफन्तहरू सरिताको गरगहनाको निम्ति सरितालाई नग्न पारी हत्या गरेको आरोप लगाउँछन भने मुख्य कुरा म पात्र बाहेक कसैलाई पनि थाहा छैन ।

यसरी एउटा सामान्य पुरुषले देखाउने व्यवहार भन्दा मनोविकृत असामान्य मनोदशा यस कथामा गोठालेले प्रस्तुत गरेका छन् । आफ्नो प्रेमको हत्या हुन लागेपछि त्यसको प्राप्तिको लागि सरिताको हत्या गर्नु विकृत मनोदशाको परिणतिमा कथा लक्षित छ । एउटा सचेत व्यक्तिले यस किसिमको मनोदशा देखाउँदैन । म पात्र मनस्थापी पात्र हो । ऊ मानसिक रोगीको रूपमा परिणत भएको छ । चेतन मनमाथि अवचेतन मनको विजय भएपछि मान्छेले भिन्न व्यवहार देखाउँदछ । यो अपराध मनोविज्ञान प्रस्तुत भएको उत्कृष्ट कथा हो भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ ।

## मनोविज्ञानको सैद्धान्तिक अध्ययन

मनोविज्ञान भन्नाले मानिसका मन भित्र उत्पन्न विभिन्न अवस्थाहरूको अध्ययन गर्ने शास्त्र हो जसले व्यक्तिको अन्तरक्रियाको विश्लेषण गर्दछ । "मनोविज्ञान एक अनुशासन हो जुन मानिसका मानसिक र व्यावहारिक प्रक्रियाहरू तथा शारीरिक र सामाजिक वातावरणसँगको उनीहरूको अन्तरक्रियाको विश्लेषण गर्ने लक्ष्य राख्दछ" (ne.warbletoncouncil.org) । मानवीय मनको अभिव्यक्ति स्वरूप सिर्जित साहित्य र त्यसका स्रष्टाको अनि त्यसबाट भावकको हृदयमा पर्ने कृतिगत प्रभाव, प्रतिक्रियाको यसले अध्ययन विश्लेषण गर्ने गर्दछ । मानिसले मनलाई विषय बनाएर लेखिएका कथालाई मनोवैज्ञानिक कथा भनिन्छ । यस्ता कथामा मुख्यतः सामान्य वा असामान्य मनस्थिति भएका पात्रहरूको मनोग्रन्थिको रहस्योद्घाटन गरिएको हुन्छ । यस्ता कथालाई मनको अध्ययन वा विश्लेषण पनि भन्न सकिन्छ । मनोवैज्ञानिक कथाहरूमा अहम्, पराअहम्, चेतन, अवचेतन, कामेच्छा, तथा उच्चता र हीनताग्रन्थि आदि बारे विशेष प्रकाश पारिएको हुन्छ (पौड्याल, २०६६, पृ. १६) ।

सामाजिक यथार्थताको सापेक्षतामा पात्रहरूको आन्तरिक यथार्थताको प्रकटीकरण गर्ने प्रवृत्ति नै यस परम्पराको प्रमुख विशेषता हो । नेपाली साहित्यमा यस्तो प्रवृत्ति आत्मसात् गरी कथा लेख्ने परिपाटी सिग्मण्ड फ्रायडको मनोविज्ञानबाट प्रभावित भएर थालिएको हो । फ्रायडकै प्रभावलाई लिएर कथाकार विश्वेश्वरप्रसाद कोइरालाले यस परम्पराको थालनी गरेका हुन । यस परम्परामा कुनै पनि व्यक्ति वाह्य

रूपमा जस्तो अवस्थामा देखिन्छ वास्तवमा त्यस्तो हुदैन । आन्तरिक रूपमा उसका मनभित्र अनेक इच्छा र आकांक्षाहरू विभिन्न सामाजिक वन्धनहरूले गर्दा आफ्ना एषणाहरूलाई दमन गरेर वाह्य रूपमा उसले आफूलाई समाज सापेक्ष बनाएको हुन्छ तापनि उसभित्रका ती दमित एषणाहरूले अचेतन रूपमा हुण्डरी मच्चाइ रहेका हुन्छन् (पौड्याल, २०६१, पृ. ३०) ।

सामाजिक यथार्थवादबाट स्थापना भएको नेपाली कथाको आधुनिककाललाई सघन रूप प्रदान गरी शक्तिशाली बनाउने काम मनोविज्ञानबाट भयो । यस वादका प्रवर्तक सिग्मण्ढ फ्रायड हुन् । उनका अनुसार मान्छेका सम्पूर्ण क्रियाकलापहरू कामवृत्तिकै प्रेरणाबाट सञ्चालित हुन्छन् (बराल र एटम, २०५८, पृ. १३३) ।

मनोविज्ञानले मानिसको मनको अध्ययन गर्ने गर्दछ । व्यक्ति भित्र विभिन्न प्रकारका विचारहरू उत्पन्न हुने गर्दछ र ती सबै अदृश्य नै हुने गर्दछन् । मनका सम्बन्धमा एउटा स्मरणीय कुरा के देखिन्छ भने जसरी विद्युत्, हावा, गुरुत्वाकर्षण आदिलाई हामी हेर्न सक्दैनौ त्यसै गरी मनलाई पनि हामी हेर्न सक्दैनौ । मन एउटा अमूर्त वस्तु (एब्स्ट्रेक्ट थिङ) हो । मनका विभिन्न पक्षहरूको ज्ञान सम्भव छ । जब व्यक्तिका सामुन्ने एउटा भन्दा धेरै विरोधी प्रेरक उपस्थित हुन्छन् तब मनका विभिन्न पक्षहरूको ज्ञान स्पष्ट रूपले हुन थाल्दछ । फ्रायडका अनुसार मनका दुई पक्षहरू हुन्छन्- आकारात्मक र गत्यात्मक पक्ष (भण्डारी, २०५६, पृ. ३६) ।

फ्रायडका विचारमा मन र शरीर अलग नभएर एकै हुन भनेका छन् । उनले शरीरको सम्पूर्ण प्रकियालाई मन मानेका छन् । मनको गत्यात्मक पक्षले व्यक्तिमा परस्पर विरोधी प्रवृत्तिका कारण त्यसको अनुकूल समाधानका लागि मन गतिशील र परिवर्तनशील भइरहने जनाउँछन् । गत्यात्मक पक्षका इड, अहम्, र पराअहम्का बिच भइरहेको सङ्घर्षको सामुहिक थलो आकारका दृष्टिले चेतन, अवचेतन र अचेतनलाई स्वीकारेका छन् । फ्रायडका विचारमा साहित्यकार वा कलाकार कल्पनाशील हुन्छ र उसले आफ्ना कुण्ठा तथा दमित इच्छाहरू कामप्रतीकका रूपमा अभिव्यक्त गर्छ । कला र साहित्यको सिर्जना कामप्रतीकहरूकै पुनर्निर्माण हो भन्ने उनको दृष्टिकोण रहेको छ । उनले कला र साहित्यमा मात्र नभएर मानिसका प्रत्येक क्रियाकलापमा कामवासना वा कामशक्ति नै उत्प्रेरक वा मुख्य सञ्चालक हुन्छ भनेका छन् (शर्मा र लुइटेल, २०७२, पृ. १७३) । यसरी फ्रायडले मनोविज्ञानलाई चिनाएका छन् ।

अर्का पाश्चात्य विद्वान अल्फ्रेड एड्लरका अनुसार कुनै पनि व्यक्ति जन्मजात कुनै पनि क्षेत्रमा अर्थात सामाजिक, राजनीतिक, आर्थिक आदि क्षेत्रमा अपुरो वा अनभिज्ञ हुन सक्छन् । जसको कारण उसको मस्तिष्कमा एक प्रकारको आघात उत्पन्न हुने गर्दछ । यसकै कारण मानिसमा हीनत्वभाव विकसित हुने गर्दछ । यति हुँदाहुँदै पनि व्यक्तिले समाजमा आफूलाई स्थापित गराउने प्रयत्न गर्दछ । यही हीनत्वलाई क्षतिपूर्तिका लागि व्यक्तिले साहित्यक कृतिको सृजना गर्ने गर्दछ । यसै साहित्यबाट हीनत्वको क्षतिपूर्ति गर्ने गर्दछ (श्रेष्ठ, २०५८, पृ. २२५) ।

## कथा विश्लेषण

यस कथामा म पात्रका माध्यमबाट विषयवस्तु प्रस्तुत गरिएको छ । उसलाई आफू अहिले कहाँ छु र केका लागि छु भन्ने विषय समेत पत्तो छैन । ऊ झस्कन्छ, म अझ बाँचिरहेको छु ? त्यसोभए बाँच्नको

लक्ष्य के ? म झ्यालखानामा छु कि बाहिर ? म खादै पनि छु काँचो खान्छु कि पकाएर ? जस्ता विषयबाट कथाको सुरुवात भएको छ । ऊ सँगै बसेका अन्य अपराधीहरू आगो बाल्छन्, धुवाँ लगाउँछन्, झगडा गर्छन, यी सबै दृश्य देख्दा उसलाई आफू अझै बाँचिरहेकोमा अचम्म लागेर आउँछ ।

झ्यालखानाको त्यस कोठामा ऊ जस्तै अरू बीस जना अपराधी बस्ने गर्दछन् । सबै अपराधी एक आपसमा टाँसिए सुत्ने गर्दछन, नसुतेको बखत सबैले मुख हेरिहेरी गफ गर्ने गर्दछन्, ती सबै अनुहारको विकृति म पात्रलाई स्वाभाविक लाग्दछ ।

म पात्र अगाडि भन्दै जान्छ, उसले ज्यान मारेको छ ऊ हत्यारा हो उसैले सरितालाई मारेको, सरिताको सौन्दर्य, जवानी, आँखाको करुणा र हिस्सी उसले आफ्नै हातले बरबाद गरेको वर्णन छ । सरिता भित्रको उल्लास, प्रेम, स्नेह मात्र होइन उसको वंशानुक्रम समेत यिनै हातले बरबाद गरिदिएको व्याख्या गरिएको छ । *उसको वंशाणुक्रमलाई समेत यही हातले सदाको लागि टुङ्याइदिए (तेस्रो अनु.)* । यी हातले पाँच वर्षको उमेरमा क लेख्न सिक्यो पछि म्याट्रिकसम्म यिनै हातले लेखेर पास गऱ्यो, थर्ड इयरसम्म पुऱ्यायो । यिनै हातहरू बाटोमा लडिरहेका दुःखीहरूको सुश्रुषा गर्न सल्बलाउँथे तर जब सरिताको हत्या गर्यो तब चुपचाप छन् । जब यी हातले मुखमा गाँस लान सल्बलाउछन् तब उसलाई हाँस उठ्ने गर्दछ ।

अब त सरितालाई धेरैले बिर्सन थाले होला । यदाकदा झल्याकझुलुक याद आउँदो हो तर उसको बाबुआमाको ऊ एकमात्र सन्तान भएको कारण पटक पटक श्वास तथा ढुकढुकीमा आइरहदी होली । त्यो सरिताको अनुहार म पात्रले बिर्सने कोसिस गरिरहेको छ । यसलाई त केवल सरिताको पूर्णता चाहिएको छ जुन आज अमूर्त बनेर खालि बाँच्नको निम्ति प्रेरणा भइरहेको छ, *मलाई खालि सरिताको पूर्णता, जुन त्यतिकै अमूर्त छ, त्यसको आभास भइरहन्छ । सायद म त्यसैको प्रेरणाले जिइरहेछु (चौथो अनु.)* ।

सरितालाई म पात्रले मारेको छ । मानिसहरू यसले सरिताको धन दौलत, गरगहना तथा रूपैया पैसाको लागि मार्यो भन्छन् तर त्यो सरासर गलत भएको ऊ बताउँछ । उसलाई अचेल हाँस उठ्न थालेको छ, अरु ज्यानमाराहरू उसको भनाइमा सहमत नभएकोमा । उसप्रति सहानुभूति राख्ने साथीहरू उसलाई बौलायो पनि भन्छन् । उसले त केवल सरितालाई अनन्त समयसम्मको प्राप्तिको लागि हत्या गरेको हो *। म उनीहरूलाई कति सम्झाउन खोज्दछु– सरिताको समग्रतालाई अनन्त समयको लागि प्राप्त गर्न मैले उसलाई मारेको हो ( पाँचौ अनु.)* । अन्य अपराधीहरूको अपराधका आधारमा यो छुट्टै प्रकारको अपराध थियो ।

त्यो समय जति बेला सरिता जीवितै थिई, म पात्र उसको नजिकै पुग्दा दन्त्यकथा वा पौराणिक कथाका आइमाई जस्तो लाग्दथ्यो । वास्तविक सरिता भने बेग्लै वा छुट्टै अस्तित्व भएकी थिई । जति बेला सरिता आई.ए. पढ्दै थिई । त्यतिबेला म पात्रलाई सरिता देवीतुल्य लाग्दथ्यो । एकाग्र भएर पढिरहेको अवस्थामा सरिताको झुकेको वदनको बान्कीलाई ऊ निहालिरहन्थ्यो । यसका पाइला पनि नरम चिज कुल्चेर हिडेजस्तो लाग्दथ्यो । त्यस बखत सरितालाई हेर्ने सबै मानिसका आँखाहरू आफूतिरै खिचेर लिनु जस्तो लाग्दथ्यो । सरिता एक रंगका लुगा लगाउँथी जसको कारण उसको सौन्दर्य हेर्दा आँखा तिरमिराउदैनथ्यो । *उसको लुगाको रंग सधैं एकरगीं हुन्थ्यो । ऊ भन्दथी–मलाई झिलिमिली मन पर्दैन ( सातौं अनु)* ।

म पात्र जब सरितासँग एक्लै भेट गर्दथ्यो ऊ खुलेर बोल्न सक्दैन थियो । उसले केही भन्ली, रोली, कराउली, दुःख मान्ली जसबाट उसको सुन्दरता घट्ला, कुरूप होली भन्ने डरले सताउँथ्यो । कलेज आउँदा जाँदा यिनीहरूका बिच कलेजदेखि सिनेमाका गफ हुन्थे । गाउँका ठुला बडादेखि सानातिना व्याक्तिका विषयमा पनि कुरा हुन्थे । म पात्रभित्र सरितासँग एउटा बेग्लै प्रकारको डर पलाएर आउँथ्यो । उसलाई डर त्यो बेलासम्म लाग्यो जतिबेला ऊ सहरका गुप्ती कोठातिर जान थालेको थिएन । म पात्रले आइमाई मान्छेको शरीर देखेको थिएन, जब पैसाको बलले ऊ आइमाईको शरीरमा खेल्न थाल्यो तब ऊ नारीसँग ठाडो ठाडो हेर्न र बोल्न थाल्यो । यसपछि मात्र ऊ सरितासँग ठाडो शिर लगाउन थाल्यो । *गुप्तीठाउँ पुगेको दिनपछि म आफूभित्र रहेको अकस्मात् मुटु अठ्याउने डरबाट मुक्त भएँ र सरितासँग आँखा जुदाउन समर्थ भएँ (आठौ अनु.)* ।

म पात्रले सरिताको शरीरसँग कुनै मोह राखेको छैन । आइमाईको शरीरसँग खेल्नलाई उसले हरेक दिन अलग अलग गुप्ती ठाउँमा पुग्ने गरेको छ । उसको विचारमा सरिता एउटा महान वस्तु हो, जो गुप्ती ठाउँका आइमाईभन्दा भिन्न चिज हो ।*ऊ त्यस कुराका निम्ति सृष्टि भएकी हो र त्यस महान् कुराका निम्ति उसको पवित्रता सुरक्षित रहनुपर्छ (नवौ अनु.)* ।

अचेल सरितामा केही परिवर्तन आएको जस्तो म पात्रलाई भान हुन थालेको छ । सायद उसभित्र केही जवाफदेहिता बढन थालेको हो कि जस्तो । म पात्रलाई एकटहले हेरिरहनु, दुवैका आँखा जुध्ना साथ अर्कोतिर फर्कनु आदि । म पात्र पनि अचेल सरितालाई कम भेट्न थालेको छ ।

*म अचेल कम जान लागें ।*

*एकदिन सरिताले आशंकित भएर सोधी–"तपाईलाई के भयो ?"*

*मैले त्यसको जवाफमा केही हाँसेर सोधें–"तिमीलाई के भयो ?" (एघारौ अनु.) ।*

म पात्र सरितालाई केही भन्न चाहन्छ तर बोल्ने हिम्मत गर्न सक्दैन । उसलाई आफ्नै कुरा पनि अस्पष्ट लागिरहेको हुन्छ । उसले पनि मुख रातो पारेर बसिरहन्छ । त्यतिकैमा सरिता त्यहाँबाट उठेर हिड्दछे । त्यो दिनबाट कहिले पनि त्यस्तो परिस्थिति यिनीहरू दुईका वीच आएको छैन । त्यसपछि म पात्रको कलेज जान पनि रोकियो ।

एकदिन म पात्र सरिताको घरमा प्रवेश गर्छ, घरमा सरिता एक्लै हुन्छे । यसरी एक्कासि ऊ घरमा आएको देख्दा सरिताले आत्तिएर यताउति हेर्न थाल्छे र यसरी अबदेखि तिमी मेरो घरमा नआऊ, मलाई यहाँ सबैले शंका गर्न थालेका छन भनी सम्झाउँछे । म पात्रले एकटहले हेरिमात्र रहन्छ ।*"उसो भए म जाऊँ ?" (बाइसौ अनु) ।* म पात्रको यो स्वर आफ्नो आफैलाई अनौठो लाग्दै थियो । सरिताले उसलाई फेरि अगाडि भन्दै गर्दा ऊ ढोकानेर पुगिसकेको थियो । तिमी अचेल बदमासको सङ्गतमा राति गल्लीतिर हिड्छौ अरे किन त्यसो गर्छौ ? भन त भनी जिज्ञासा राखिन् । म पात्रले सरितातिर टाउको उठाएर हेर्दा उसका आँखाभरि आँसु र आँसुभित्र आँखाको नानीमा आफूलाई पाएको अनुभव गऱ्यो ।

त्यस दिनदेखि म पात्र सरितालाई हेर्न बाटोमा कुरिरहन्थ्यो । अब त उसले आफ्नो बानीमा पनि सुधार गरिसकेको छ । लाग्छ अब ऊ एउटै लक्ष्यको निम्ति जीवित रहेको छ । सरिता साथीहरूको भिंडमा

हिड्दा उसको फरिया अनि खुट्टामात्र देख्दा पनि उसलाई आनन्द आउन थालेको छ । यदाकदा जव यी दुईको आँखा जुद्दथ्यो, त्यतिबेला म पात्रले नै आँखालाई तल झार्दथ्यो ।

म पात्र प्रायः कोठामा एक्लै बस्तथ्यो, कोठाका दलिनहरू खप्टिएर उसैलाई घेर्न बसे जस्तो लाग्दथ्यो । देवालको लिउन पनि चोइटिएको थियो, त्यसमा विभिन्न आकृतिहरूको निर्माण भइरहेको र तिनीहरूले विकृत अनुहार बनाउदै आफैलाई गिज्याए जस्तो महशुस गर्छ । कहिले काहिँ त ऊ आफू नै त्यहाँ नभए जस्तो पनि भान हुन्छ । म आफै त्यहाँ छैन, शून्यमा पग्लिसकेको छु (सत्ताइसौं अनु) ।

म पात्रका दाजु व्यापारी हुन् । उनले एक दिन भाइलाई बोलाएर सम्झाउन थाले, भाइ तँ अचेल किन यसरी बरालिएर हिड्छस ? तेरो पढाइमा पनि मन गए जस्तो देख्दिन, रातभरि खै कता जान्छस्, दिनभरि पनि कोठामा एक्लै बस्छस्, कमसेकम पढन मन लागेन भने पसलमा आएर सघाएको भए पनि त हुन्थ्यो, के पारा हो तेरो ?

दाजुका सवै भनाइ ठिक थिए, म पात्र सानै उमेरको छँदा बा र दस वर्षको हुँदा आमाबाट बिमुख हुनुपरेको थियो । त्यसकारण पनि ऊ दाजुसँग मुख लाग्न सक्दैन र दाजुले उठाएका सबै कुरा यथार्थ नै हुन् भन्ने ठान्दछ । पढन त उसले लगभग छोडिसकेको छ । किताब खाता, लगाउने लुगा समेत बेचेर रातिको गुप्ती कोठामा जाँदै छ, आफूसँग भएका वस्तुले पनि नपुगेर दाजुको खल्तीसम्म टकटक्याउन थालेको छ । अब त ऊ यति क्रुर बन्दै गएको छ कि नारी माथिको अत्याचारका कारण एकपटक भेट भएका जोसुकैले पनि अर्को पटक ऊसँग भेट्न चाहँदैनन् ।

एक दिन अचानक बाटाको मोडमा सरितासँग म पात्रको भेट भयो । चिनेजानेका कोही मानिस नभएको त्यस मोडमा आज अचानक कसरी सरितासँग भेट भयो ? अचम्ममा पर्दै उसले सरितालाई जिज्ञासा राख्यो । ऊ सरितालाई कयौ कुरा सोध्न चाहन्थ्यो, वर्षौदेखिका भावना पोख्न चाहन्थ्यो तर शब्द गलामा आएर जाम भएर बसे, केही भन्न सकेन । सामान्य कुरा भए । सरिताले *"म मामा बाज्येका घर गएर आएको"(एक्तिसौं अनु)* । म पात्रले सरितालाई तिमीसँग कहिले भेट्न मिल्छ, भन्ने विचार राख्दा भोलि आमाबुवा बिहे भोजमा जाने अरे त्यसैले दिउँसो दुई बजे आफ्नो घरमा बोलाएर ऊ बिदा भई । सरिता हिडेको उसले केही परसम्म हेरिरह्यो, सरिताको पीठको बान्की, सारीबाट निस्किएको व्यथाको भारले थिचिएका उसका खुट्टा त्यति बेलासम्म हेऱ्यो जति बेलासम्म ऊ बाटोको अर्को मोडमा पुगेर हराई ।

म पात्र घर पुगेर विछ्यौनामा पल्टियो, मानौं आज ऊ प्रसव वेदनामा भए जस्तो । आगामी दिनबाट जीवनले नयाँ मोड ल्याउने आदि कुरा सोचेर ऊ सरिताको लामो लामो सुस्केरा चारैतिरबाट आए जस्तो सुनिरहयो ।

भोलिपल्ट दिउँसो म पात्र कुनै रहस्यले किचिएर निन्द्रामा हिंडेजस्तो गरी सरिताको घर छेउसम्म पुग्दछ । विस्तारै ऊ सरिताको घरको सिंढी चडेर सरितासँग भेट नहुँदासम्म ऊ निन्द्रामै रहेको उल्लेख भएको छ । वास्तवमा यहाँ दुवै पात्र अर्धचेतन अवस्थामा रहेको पाइन्छ । सरितालाई पनि हिजो मात्र म पात्रसँग भेट भएको कुरा पत्ता हुदैन ।*"घरमा कोही छैन, म एक्लै छु" (बयालिसौं अनु.)* ।

म पात्रले सरिताको हातलाई दरो गरी समात्यो र प्रश्न गर्यो आज मसँग भागौ ल ? सरितामा पनि बेग्लै प्रकारको अनुभूति भइरहेको थियो । उसका आँखामा परिवर्तन आउन थाल्यो, अनुहार रातो रातो भएर आयो । बेग्लै प्रकारको भावभङ्गी आइरहेको पाइन्थ्यो । म पात्रले समाएको हातलाई सरिताले हुत्याएर थुतिन् र परतिरको मेचमा बसिन् ।

सरिताले सानो स्वरमा म पात्रलाई भनिन् मलाई आजदेखि छोड्नुहोस्, बिर्सिदिनुहोस्, म पनि तपाईलाई बिर्सने प्रयास गर्नेछु । ऊ अगाडि भन्दै गई म बाबुआमाको एकमात्र सन्तान हुँ, त्यसैले वहाँहरूको इच्छाभन्दा बाहिर गएर म विवाह गर्न सक्दिन, यसको लागि मैले तपाइँलाई घरमा बोलाएको हो तर यी सब कुरा सुनेर म पात्र जोडले हाँस्न थाल्छ । मानौं उसको चेतन अवस्था पुरै गुमिसक्यो । सरिता उसको समीपमा परी त्यतिबेला ऊ डरायो पनि । म पात्र सम्हालिन थाल्यो, कतै उसका हातले सरितालाई सुम्सुम्याउने त होइन ? गुप्ती कोठाका आइमाईलाई जस्तै गरी उसको कौमार्य बरबाद हुने त होइन ? यतिबेला सरिता भन्दै थिई, *"आज घरमा कोही पनि छैन" (सन्ताउन्वौँ अनुं.)* ।

म पात्रले सरिताको अठ्याएको हात बिस्तारै शिथिल हुदै गए, सरिताको पनि मुख रातो हुँदै गयो । ऊ नजिकैको बिस्तारामा पल्टी । मानौं लामो समयदेखि म पात्रलाई पर्खिरहे जस्तो गरी । सरिता जीवनमा एकपटक म पात्रलाई आनन्द दिलाएर सदाको लागि टाढा हुन चाहन्छे । श्वासको झोक्का बढाउँदै म पात्र सरितातर्फ अगाडि बढ्छ र उसका सबै लुगा फुकाएर निर्वस्त्र हुन लगाउँछ । सरिताको त्यो नाङ्गो र पवित्र शरीरलाई उसले एकोहोरो हेरिरन्छ । जुन सरितालाई प्रेम गर्दथ्यो, त्यही सरिता उसको अगाडि सबै अङ्ग देखाएर विस्तारामा पल्टिदा पनि ऊ केवल नपुङ्सक जस्तै परतिर उभिएर टुलुटुलु हेरिरहन्छ । एकैछिन पछि बिजुली चम्केजस्तै गरी म पात्रको मस्तिष्कमा परिवर्तन आयो । ऊ त सरितालाई प्रेम गर्छ, माया गर्छ त्यसैले त्यो कोमल सरितालाई शारीरिक वासनाबाट गुप्ती कोठाका आइमाईलाई जस्तो जुठो बनाउन चाहँदैन ।

म पात्र बिस्तारै सरितातर्फ अगाडि बढ्यो । सरिताको ओँठको मुस्कान हराउँदै गयो । उसले सरितालाई मार्ने र आफू पनि मर्ने निर्णय गरी निर्वस्त्र सरिताको गर्धनमा अँठ्यायो र उसको मुस्कान सदा प्राप्त गर्ने उद्देश्यले सिरानेले मुख थिचिथिची हत्या गर्यो । सरिताको हत्या गरिसकेपछि आफू पनि हतार हतार मर्ने उपाय खोजी गर्न थाल्यो । ऊ जुरुक्क उठ्यो र सरिताको आत्मा पुगेको ठाउँमा आफू पुग्न हतार भइसकेको विचारले त्यसै कोठामा लुगा झुण्ड्याएको डोरी खोल्न थाल्यो । डोरीका लुगा भुइँमा फाल्यो र खोल्नका लागि हर प्रयास गर्यो तर डोरी खुलेन । हठात मनमा सोच्यो, कतै सरिताको सार धेरै टाढा त पुगेन ? जति हतार गर्‍यो त्यतिनै उसका औंलाहरू लट्पटिरहे । तर डोरीको गाँठो कसैगरी फुकेन । उसमा अचानक बिजुली गतिमा एक सोचाई आयो र नजिकैको मेचमा थचक्कै बस्यो । सरिताको मृत शरीरलाई हेर्यो । सरिताको सार अमेरिकाको लोहामा र म पात्रको सार नेपालको लोहामा वा एउटाको नेपालको क्याल्सियम र अर्काको चीनको क्याल्सियम भयो भने फेरि भेटहुने कुनै सम्भावना हुदैन, सार भेट हुन सक्दैन भने हत्या गर्नु के अर्थ हुन्छ ? त्यसैगरी उनको सार चामल बनेर कसैको शरीरमा केही अंश रगत र केही विष्टा बन्यो भने पनि त भेट सम्भव भएन अनि आत्महत्याको के अर्थ भयो भन्ने निष्कर्ष निकालेर ऊ थचक्क बस्यो ।

जति बेला म पात्रको होस आयो त्यस बखत उसले आफू अझै बाँचिरहेको र झ्यालखानामा भएको पायो जो उसको लागि अचम्मको विषय पनि हो ।

## निष्कर्ष

मैले सरिताको हत्या गरें कथामा मानसिक रूपमा विक्षिप्त भएको असामान्य परिस्थितिको सृजना गरी कथाकारले असामान्य मनोविज्ञानको चित्रण गर्ने उद्देश्य राखेका छन् । कथावस्तु निर्माणका क्रममा गोठालेले कथालाई बहन गर्न त्यही अनुसारको म पात्रको चयन गरी मुल लक्ष्यमा पुग्न सफल भएका छन् । मातृवात्सल्यबाट वञ्चित भएको व्यक्तिको मानसिकतामा गहिरो आघात पुग्दछ । जसको कारण उसले अवसर पाउनासाथ अनेक प्रकारका विकृतपूर्ण कार्य गर्दछ भन्ने कथाले देखाएको छ । म पात्रले कथाको प्रारम्भमा कलेज जान छाडेर साथीहरूसित गुप्ती कोठामा गएर आइमाईहरूको नाङ्गो शरीरसित खेल्न थालेको छ । घरमा दाजु भाउजूबाट असल माया नपाएर होला आफ्ना माल सामान बेच्ने, सेफमा हात हाल्ने तथा एकान्त पाउनसाथ सरिताको हत्या गर्ने जघन्य अपराधसम्म गर्न पुगेको छ । यसरी कथाकार गोठालेले मनोविकृत पात्रको मानसिक अवस्थाको चित्रण गर्ने र समाजमा धनी र गरिब बिचको भेदभावपूर्ण व्यवहार र त्यसबाट उत्पन्न समस्याको चित्रण गर्ने उद्देश्य राखेका छन् ।

यसरी कथाकार गोठालेले एक मनोविकृत पात्रमा भएको मानसिक अवस्थाको चित्रण गर्ने र समाजको विकृतपूर्ण अवस्थालाई पाठक सामु प्रस्तुत गर्ने उद्देश्य राखेको पाइन्छ । यस कथामा वर्गीय भेद तथा विचलनका कारण व्यक्तिको मनोविज्ञानमा असर पुऱ्याउने विषयलाई चित्रण गर्ने प्रयास समेत गरिएको छ । समग्रमा हेर्दा काठमाण्डौ उपत्यकामा बढ्दो विकारग्रस्त अवस्थाको चित्रण गरी कथामा वर्णन गरिएको म पात्रलाई समाजको प्रतिनिधि पात्र मान्दै त्यस प्रकारको व्यक्तिका माध्यमबाट अपराध मनोवृत्तिसम्म हुनपुग्छ भन्ने देखाउनु नै यस कथाको प्रमुख उद्देश्य रहेकोछ । त्यस्तैगरी मानिसले बाल्य अवस्थामा आवश्यक माया र ममता प्राप्त गर्न नपाउँदा समेत उसको मानसिकतामा नकारात्मक विचार उत्पन्न हुन सक्छ भन्ने देखाउनु पनि कथाको उद्देश्य हो ।

## सन्दर्भसूची

गोठाले मल्ल, गोबिन्दबहादुर (२०३९), *प्रेम र मृत्यु,* साझा प्रकाशन ।
बराल र एटम, नेत्र (२०५८), उपन्यास सिद्धान्त र नेपाली उपन्यास (द्वि.स.), साझा प्रकाशन ।
पौड्याल, कृष्णविलास (२०६१), *नेपाली आख्यान र नाटक,* नवीन प्रकाशन ।
पौड्याल, कृष्णविलास (२०६६), *आधुनिक नेपाली आख्यान र नाटक,* नवीन प्रकाशन ।
शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।
भण्डारी, कृष्णप्रसाद (२०५६), *फ्रायड र मनोविश्लेषण,* साझा प्रकाशन ।
श्रेष्ठ, ईश्वरकुमार (२०५८), *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,* साझा प्रकाशन ।
बराल, ईश्वर (सं.) (२०३३), *झ्यालबाट,* साझा प्रकाशन ।